१०४४

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३९८/२०७२/०७३

निर्णय नं. ६५६

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ....................................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, गोरखा ..........................................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, गोरखा ......................................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला स्वास्थ्य कार्यालय, गोरखा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । सो सम्वन्धमा आयोगको मिति २०७२।०६।२७ को आदेश बमोजिम जिल्ला स्वास्थ्य कार्यालय, गोराखालाई मिति २०७२।०६।२८, च.न २८५ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त जिल्ला स्वास्थ्य कार्यालय, गोरखाको मिति २०७२।१०।०५, च.नं.९८७, को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगमा पठाई पुनरावेदकलाई समेत जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।